आज मिति २०८२ साल फागुन २९ गते शुक्रबारका दिन बिहान ११:०० बजे यस पञ्चकन्या गाउँपालिकाका अध्यक्ष श्री तेज बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा यस पञ्चकन्या गाउँ कार्यपालिकाको बैठक वसी देहाय अनुसारका प्रस्ताव उपर छलफल गरि निम्नानुसार निर्णय गरियो।

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तेज बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री बिमला के.सी. | उपाध्यक्ष | |
| ३ | श्री माहानन्द ढकाल | वडा अध्यक्ष | |
| ४ | श्री रामशरण श्रेष्ठ | वडा अध्यक्ष | |
| ५ | श्री राम बाबु पराजुली | वडा अध्यक्ष | |
| ६ | श्री सञ्च तामाङ | वडा अध्यक्ष | |
| ७ | श्री माधब प्रसाद सिटौला | वडा अध्यक्ष | |
| ८ | श्री सुशिला अधिकारी | कार्यपालिका सदस्य | |
| ९ | श्री सुभेक्षा मगराती | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्रावती श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ११ | श्री कमली मिजार | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धि बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | श्री सरोज बि.क. | कार्यपालिका सदस्य | |
| १४ | श्री हिराधन राई | सचिव | |

Scanned with CamScanner

## निर्णयहरुः

**निर्णय नं. १,**

पशु सेवा शाखा मार्फत कार्यान्वयन हुने चालु आ.व. ०८२/८३ को स्वीकृत बजेट अन्तर्गतको कुकुर बन्ध्याकरण कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ र सो को नियमावली बमोजिम कोटेशन विधि मार्फत योग्यता पुगेका संस्थाहरुलाई सारभूत प्रभावग्राहीका आधारमा गाउँपालिकाभित्र छाडा तथा घरपालुवा कुकुरहरुलाई बजेटको सीमाभित्र रही तत्काल कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २,**

देहायका कार्यक्रमको बजेट शिर्षक परिवर्तन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.सं. | साविक कार्यक्रमको शिर्षक | परिवर्तित कार्यक्रमको शिर्षक |
|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, नुवाकोटलाई विद्युतीय सामग्री अनुदान | जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय कमाण्ड पोष्ट, नुवाकोट |

**निर्णय नं. ३,**

स्वास्थ्य तथा सरसफाई शाखाबाट कार्यान्वयन हुने मनोसामाजिक कार्यक्रम अन्तर्गत पञ्चकन्या गाउँपालिकाको सबै ५ वटै वडामा १ दिनका दरले मानसिक रोग विशेषज्ञमार्फत शिविर सञ्चालन सम्पन्न भएको र विशेषज्ञ सेवा लिनुपर्दा दैनिक पारिश्रमिक पञ्चकन्या गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ अनुसार तोकिएको सीमा भन्दा बढी हुने भएमा गाउँ कार्यापालिकाको स्वीकृति लिएर मात्र भुक्तानी गर्न पाईने भन्ने व्यवस्था बमोजिम मानसिक रोग विशेषज्ञको दैनिक १०,०००/- कर सहितको भत्ता भुक्तानीको लागि स्विकृति दिने निर्णय गरियो।

**आजको बैठक अन्य विषय नभएकोले सम्पन्न गरियो।**

२०८२/११/२५